राष्ट्र निर्माण हाम्रो लक्ष्य

# नेपाल टेलिकम
# NEPAL TELECOM


प.सं ०८२।८३  
च.नं. प्रे.वि.नं. २०

मिति- २०८३।०१।१०

*समर अफर २०८३ सम्बन्धमा*

## प्रेस विज्ञप्ति

नेपाल टेलिकमले समर अफर २०८३ (Summer Offer 2083) अन्तर्गत विभिन्न आकर्षक प्याक तथा सुविधाहरु उपलब्ध गराउने भएको छ । यस अन्तर्गत कम्पनीले विभिन्न सुविधा सहितका नयाँ भ्वाइस तथा डाटा प्याकेजहरु सञ्चालनमा ल्याएको छ ।

नेपाल टेलिकमको प्रिपेड मोबाइलमा उपलब्ध २८ दिनको प्याकेजलाई सेवाग्राहीको सुविधालाई मध्यनजर गरी ३० दिनको बनाइएको छ । अब सबै प्याकेजहरु ३० दिनका हुनेछन् । त्यसैगरी भ्वाइस प्याक अन्तर्गत ३० दिनको प्याकेजहरु अब सबै नेटवर्कमा कल गर्न सकिने (अल-नेट) सुविधा सहित उपलब्ध हुनेछन् ।

त्यसैगरी विभिन्न डाटा तथा कम्बो प्याकेजहरुलाई थप आकर्षक बनाइएको छ । धेरैको रोजाइमा परेको सजिलो अनलिमिटेड प्याकलाई अझ आकर्षक बनाइएको छ । यस अन्तर्गत रु. ९९९ मा अनलिमिटेड अल-नेट भ्वाइस प्याक, मासिक ३०० जीबी डाटा र ३०० अल-नेट एसएमएस सुविधा उपलब्ध हुनेछ । त्यसैगरी रु. ७९९ मा अनलिमिटेड अल-नेट भ्वाइस प्याक, मासिक १५० जीबी डाटा र २५० अल-नेट एसएमएस सुविधा उपलब्ध हुनेछ ।

डाटा प्याक अन्तर्गत रु. ५४९ मा ४० जीबी र रु. ९९९ मा १०० जीबी डाटा प्याक उपलब्ध हुनेछ । रु. ५९९ मा २ जीबी प्रतिदिन र रु. ३४९ मा १ जीबी प्रतिदिन प्रयोग गर्न सकिने मासिक डाटा प्याक उपलब्ध हुनेछ ।

अनलिमिटेड प्याकेज अन्तर्गत रु. २५ मा १ घण्टा सम्म चलाउन मिल्ने अनलिमिटेड भ्वाइस तथा डाटा प्याकेज उपलब्ध हुनेछ भने रु. ९९९ मा ३० दिन सम्म प्रतिदिन चलाउन मिल्ने ५ एमबीपीएस डाटा प्याकेज उपलब्ध हुनेछ । यसै अनुसार अन्य प्याकेजका साथै नाइट र कम्बो प्याकेज समेत उपलब्ध छन् ।

भ्वाइस र डाटा प्याकेजमा अन्य विभिन्न आकर्षक प्याकेजहरु समेत उपलब्ध रहेका छन् । त्यसैगरी बन्डल्ड प्याक, एड अन प्याकेज, सीयूजी प्याकेज, एसएमएस प्याक, एफटीटीएच प्याक आदि समेत उपलब्ध छन् ।

समर अफर २०८३ भोलि बैशाख ११ देखि लागू हुनेछ । ग्राहकले आफ्नो मोबाइलबाट *1415# डायल गरेर तथा 'नेपाल टेलिकम' एपको प्रयोगबाट विभिन्न प्याकेजहरु सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सक्नेछन् । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धमा विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ ।

२०८३।१।१०

रविन्द्र मानन्धर  
प्रवक्ता